स्थानीय सरकार

# धुर्कोट गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बर्बोट, गुल्मी

प.सं.२०८२/०८३ लुम्बिनी प्रदेश, नेपाल

च.नं. –

मिति २०८३/०२/२७

**नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टि, बालुवा) को स्टक प्रमाणित गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

यस गाउँपालिका अन्तर्गत आर्थिक वर्ष २०८२/८३ का लागि नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टि, बालुवा) उत्खनन तथा बिक्री वितरणका लागि ठेक्का बन्दोबस्त भएका क्षेत्रहरूबाट जेठ मसान्त पश्चात् (वर्षायाममा) प्राकृतिक स्रोत संरक्षणका लागि उत्खनन गर्न नपाइने कानुनी व्यवस्था रहेको छ। तसर्थ, गाउँपालिका क्षेत्रभित्र ठेक्का सम्झौता गरी नदीजन्य पदार्थ संकलन गरिरहेका सम्पूर्ण सम्बन्धित ठेक्का फर्म/कम्पनी वा व्यवसायीहरूलाई आफूले संकलन गरेको ढुङ्गा, गिट्टि, बालुवाको परिमाण (Stock) प्रमाणित गराउनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सम्बन्धित व्यवसायीले बुझाउनुपर्ने कागजात:**

१. **निवेदन:** स्टक प्रमाणित गरिपाऊँ भनी गाउँपालिकामा दिइने आधिकारिक निवेदन।

२. **सम्झौता पत्र र रसिद:** चालु आर्थिक वर्षको ठेक्का सम्झौता पत्र र प्रयोग भएका रसिदको अर्धकट्टी।

३. **स्थान र विवरण:** स्टक राखिएको स्थान (नक्सा/लोकेसन) र अन्दाजी परिमाण (घनफिटमा)।

**ध्यान दिनुपर्ने मुख्य कुराहरू:**

- यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र अर्थात् २०८३।०२।३१ गते भित्र कार्यालयमा निवेदन दर्ता गरि सक्नुपर्नेछ। (सार्वजनिक बिदाका दिनमा समेत निवेदन संकलन गरिनेछ)
- तोकिएको म्यादभित्र निवेदन नदिने वा स्टक प्रमाणित नगराई राखिएका नदीजन्य पदार्थलाई अवैध मानी कानुन बमोजिम जफत वा कारबाही गरिनेछ।
- निवेदन प्राप्त भएपछि गाउँपालिकाको प्राविधिक टोलीले स्थलगत अनुगमन गरी वास्तविक स्टक प्रमाणित गर्नेछ।
- निवेदन इमेल मार्फत समेत पेश गर्न सकिनेछ ।

.........................

रुद्र वहादुर पछाई

प्रमुख प्रशासकीय अधिकृत

रुद्र बहादुर पछाई

प्रमुख प्रशासकीय अधिकृत